त्रिभुवन विश्वविद्यालय
रजिष्ट्रारको कार्यालय
सूचना तथा जनसम्पर्क महाशाखा

काठमाडौं, नेपाल ।
फोन : ०१-४३३०३४६

प.सं.सू.ज.म.शा. च.नं. :

मिति : २०७७०५।१६

# सूचना ।

देशका विभिन्न ठाउँहरुमा कोभिड १९ को संक्रमण बढ्दै गएकोले सेवाग्राही र शिक्षक/कर्मचारीहरुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अस्पतालहरुमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजिम सेवा सञ्चालन गर्ने गरी त्रि.वि. अन्तर्गतका अन्य सबै क्याम्पस कार्यालयहरु २०७७ भाद्र १५ गतेसम्म बन्द गरिएकोमा विद्यमान अवस्थामा समेत कोभिड १९ को संक्रमण नियन्त्रण भइनसकेको कारण संक्रमण नियन्त्रणका लागि स्थानीय प्रशासन तथा सरकारी निकायहरुबाट स्थानीय स्तरमा बन्दाबन्दी, निषेधाज्ञा लगायतका आदेशहरु जारी भईरहेकोले सम्बन्धित स्थानीय निकाय तथा प्रशासनबाट जारी आदेशहरु अनुकुल हुनेगरी देहाय बमोजिम क्याम्पस/कार्यालयहरु पूर्ण वा आंशिक रुपमा बन्द वा सञ्चालन गर्ने सम्बन्धमा सम्बन्धित क्याम्पस/कार्यालयहरु आफैले आवश्यक निर्णय गरी व्यवस्था गर्न/गराउन र सोको जानकारी त्रि.वि. केन्द्रीय कार्यालयमा दिनुहुन सबै क्याम्पस कार्यालयहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## १. स्थानीय प्रशासनले लकडाउन तथा निषेधाज्ञा जारी गरेका क्षेत्रहरुमा:

(क) स्थानीय प्रशासनले लकडाउन तथा निषेधाज्ञा जारी गरेमा सो अवधिसम्म सम्पूर्ण सेवाहरु बन्द गर्ने । सो अवस्थामा क्याम्पस/कार्यालयका पदाधिकारीहरु, शिक्षक, कर्मचारीहरु आ–आफ्नो निकाय प्रमुखसंग सम्पर्कमा रही सुरक्षित रुपमा घरबाटै (Work from home) कार्यहरु गर्ने तथा अनलाइन, भर्चुअल वा विद्युतीय माध्यमबाट कक्षा/कार्य सञ्चालनको व्यवस्थालाई निरन्तरता दिने ।

(ख) बैठक बस्नु पर्दा भर्चुअल बैठक गर्ने ।

(ग) कार्यालयमै उपस्थित भई कुनै अत्यावश्यक कार्य गर्नु पर्ने अवस्था आएमा सेवाप्रवाह र जनशक्ति व्यवस्थापन सम्बन्धित निकाय प्रमुखले नेपाल सरकारद्वारा जारी गरिएका स्वास्थ्य सुरक्षाका मापदण्डहरुको अनिवार्य रुपमा पालना हुने गरी गर्ने गराउने ।

क्रमश: ...

त्रिभुवन विश्वविद्यालय
रजिष्ट्रारको कार्यालय
सूचना तथा जनसम्पर्क महाशाखा

काठमाडौं, नेपाल ।
फोन : ०१-४३३०३४६



**२. स्थानीय प्रशासनले लकडाउन तथा निषेधाज्ञा जारी नगरेका क्षेत्रहरुमाः**

(क) सुरक्षाका मापदण्डहरुको अनिवार्य पालना गर्ने गरी क्याम्पस/कार्यालय सञ्चालन गर्ने ।

(ख) यातायातका साधनहरु सहजरुपमा नचलेको कारणले कार्यालयमा आउन जान कठीनाई हुने परिस्थितिमा सम्वन्धित क्याम्पस/कार्यालयहरु आफैले आवश्यक निर्णय गरी आलोपालो गरी कर्मचारी व्यवस्थापन गरेर कार्यालय सञ्चालन गर्ने ।

(ग) अनलाइन, भर्चुअल तथा विद्युतीय माध्यमबाट कक्षा सञ्चालनको व्यवस्थाले निरन्तरता पाइरहेको हुँदा स्थानीय प्रशासनले लकडाउन तथा निषेधाज्ञा जारी नगरेका स्थानहरुमा पनि २०७७ भाद्र मसान्तसम्म शिक्षकहरुले आफ्नो क्याम्पस/कार्यालयमा उपस्थित भइ हाजिरी जनाइ रहनु नपर्ने ।

३ त्रि.वि.का सबै निकाय, पदाधिकारी, शिक्षक र कर्मचारीहरुले विश्वविद्यालयसँग गरिने पत्राचारका लागि विश्वविद्यालयबाट प्रदान गरिएको आधिकारिक इमेल मात्र प्रयोग गर्ने ।

सूर्यप्रसाद अधिकारी
प्रमुख